जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक २१४ | २०७९ साल चैत १३ गते सोमबार (27 Mar. 2023 Monday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

## हावाहुरीबाट बचौं र बचाऔं

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : हवाई सुरक्षाप्रति आक्रामक.. ३ पृष्ठमा : 'बक्यौता दाखिला नगर्ने करदाताको ... ३ पृष्ठमाः६ महिनामा तीन हजार ...

## तोकिएको समयमा काम सम्पन्न गराउन निर्माण कम्पनीसँग लिखित प्रतिबद्धता



**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

सप्तरी जिल्लाको हुलाकी सडकखण्ड अन्तर्गत निर्माणाधीन विभिन्न सडक तथा पुलहरु तोकिएको समय सीमा भित्र सम्पन्न गर्न निर्देशनका साथै सम्बद्ध निर्माण कम्पनीसँग लिखित प्रतिबद्धता गराइएको छ ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले आइतबार एक बैठक बसाई त्यस्तो निर्देशन र सम्बद्ध निर्माण कम्पनीसँग लिखित प्रतिबद्धता गराएका हुन् ।

वर्षोदेखि निर्माण भइरहेको हुलाकी सडक र पुल जिल्लाको केही क्षेत्रमा अझै अधुरो रहेको र ठेकेदार कम्पनीको ढिलासूस्तीले सर्वसाधारणले सास्ती भोग्नु परिरहेको गुनासो बढ्न थालेपछी प्रजिअ थापाले निर्देशन दिँदै लिखित प्रतिबद्धता गराएका हुन् ।

प्रतिबद्धता बमोजिम उपलब्ध गराइएको समयमा समेत निर्माण कार्य सम्पन्न नगरिए जरिवानादेखी ठेक्का रद्दसम्मको प्रक्रिया अघि बढाइने बैठकमा उनले निर्माण कम्पनीका प्रतिनीधीहरुलाई सचेत पनि गराए ।

हुलाकी सडक निर्देशनालय इटहरीमार्फत जिल्लामा संचालित सडक योजनाको प्रगति विवरण समेत बुझ्ने उद्देश्यले आयोजना गरिएको बैठकमा प्रजिअ थापाले कानुनी अड्चन बाहेकका अन्य कुनै पनि सडकखण्डमा अब निर्माण कार्य ढिलाई र बहाना स्वीकार्य नहुने कडा रुपमा प्रस्तुत भए ।

हुलाकी सडक निर्माण कार्य अन्तर्गत अहिले राजबिराज नगरपालिका, बोदेबर्साइन नगरपालिका, डाक्नेश्वरी नगरपालिका, तिरहुत गाउँपालिका, बलानविहुल गाउँपालिका र अग्नीसाईर कृष्णासवरण गाउँपालिकाको विभिन्न खण्डमा अझै निर्माण कार्यले पूर्णता पाईसकेको छैन ।

तिन चार महिना पछी वर्षायाम आउने र त्यसले निर्माण कार्य प्रभावित हुने भएकाले त्यस अगावै अधुरो कामलाई गति दिनु पर्ने बैठकमा सहभागी राजविराज नगरपालिकाकी कार्यवहाक प्रमुख इशरत परबिनले जोड दिईन ।

बैठकका बोदेबर्साइन नगरपालिकाका प्रमुख आतेश सिंह यादव, वलानविहुनल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादव, डाक्नेश्वरी नगरपालिकाका प्रमुख रामलखन मुखिया, राजगढ गाउँपालिकाका अध्यक्ष ओम प्रकाश मण्डल लगायतले पनि ठेकेदार कम्पनीको लापारवाहीले दुर्घटनाको जोखिम समेत बढाएको भन्दै अबिलम्ब अधुरो काम पुरा गर्न माग गरेका थिए ।

कार्यक्रममा हुलाकी सडक निर्देशनालय इटहरीका प्रमुख विजय थापाले सप्तरीमा संचालित योजनाहरुबारे विस्तृत जानकारी गराएका थिए ।

## पाँच महिनादेखी तलब नखाएको भन्दै राविनपाका सरसफाई कर्मचारी आन्दोलित



**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

पाँच महिनादेखी तलब नखाएको भन्दै राजविराज नगरपालिकामा कार्यरत सरसफाई कर्मचारीहरु आन्दोलित भएका छन् ।

सरसफाईको काम बहिष्कार गर्दै नगरपालिका कार्यालय भित्र उनीहरु आइतबार धर्ना बसेका हुन् । नगरपालिकाका विभिन्न वडाको सरसफाई कार्यमा खट्दै आएका करार तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुले गत मंसिर १२ गतेपछि तलब पाएका छैनन् ।

तलब बारे नगरपालिकाको सम्बन्धित फाँटमा पटक पटक ध्यानाकर्षण गराउँदा समेत चासो नलिएपछि बाध्य भएर काम बहिष्कार गरि धर्नामा बस्नु परेको सरसफाईकर्मी सकुन्तलादेवी मेहतरले बताइन् ।

अखिल नेपाल ट्रेड युनियन मजदुर महासंघ मधेश प्रदेशका महासचिव केदार देवले मजदुरहरुको पाकेको तलब पनि समयमा नदिएर उनीहरुमाथी अन्याय भएको भन्दै आन्दोलनमा एक्यबद्धता जनाए ।

नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परबिनले प्रमुख प्रशासकीय अधिकृत नरहेका कारण सरसफाई मजदुरहरुलाई समयमै तलब खुवाउन नसकेको बताइन् ।

तत्कालिन प्रमुख प्रशासकीय अधिकृत अन्यत्र सरुवा भई गएको र रिक्त स्थानमा अर्को प्रमुख प्रशासकीय अधिकृत नपठाइएका कारण आर्थिक कारोबार प्रभावित हुन पुगेको नगरपालिकाले जनाएको छ ।

सरसफाई कर्मचारीहरुको आन्दोलनका कारण आइतबार नगरपालिका अन्तरगतको वडाहरुको फोहर उठ्न सकेन् । नगरपालिकामा ६१ जना सरसफाई मजदुरहरु कार्यरत छन् ।

## सप्तरीमा दिनानुदिन आत्महत्याका घटना बढ्दै दुई महिनामा १८ जनाले गरे आत्महत्या

**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

सप्तरी जिल्लामा आत्महत्याका घटना दिनानुदिन बढ्दै गइरहेको छ । यी यस्ता घटना न्यूनिकरणका लागि प्रहरीले विभिन्न पालिकाहरुमा सचेतना अभियान चलाईरहेको छ । तर, पनि घटना रोकिनुको साटो बढ्दै गएको छ ।

पछिल्लो पटक जिल्लाको बोदेबर्साईन नगरपालिकामा एक महिलाले शनिबार किरा मार्ने ओषधी सेवन गरि आत्महत्या गरेकी छिन् । योसँगै जिल्लामा २ महिनाको अवधिमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या

***बाँकी अन्तिम पृष्ठमा***

## सवारी दुर्घटनामा एक बालकसहित ५ जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

सप्तरीको विभिन्न स्थानमा भएको सवारी दुर्घटनामा परि एक बालकसहित ५ जना घाइते भएका छन् ।

पछिल्लो पटक जिल्लाको राजगढ गाउँपालिका ५ मलेखपुरस्थित हुलाकी सडक खण्डमा स्कुटिले एक पैदल यात्रीलाई ठक्कर दिएको छ । सो ठक्करबाट स्थानिय १२ वर्षिय बालक घाइते भएका छन् ।

सिरहाबाट राजबिराजतर्फ आउदै गरेको प्र.२-०१-००१प.९१९५ नम्बरको स्कुटिले बाटो काट्ने क्रममा स्थानिय १२ वर्षिय डब्लु कुमार रामलाई ठक्कर दिएको हो ।

ठक्करबाट घाइते भएका रामलाई उपचारका लागी स्कुटर चालक राजबिराज २ निवासी गजेन्द्र कुमार हाडाले धरान लगेको प्रहरीले जनाएको छ ।

यस्तै पुर्वपशिचमम राजमार्ग अन्तरगत जिल्लाकै खडक नगरपालिका ५ खरचुईया चोकमा आइतबार पिकअपले साइकललाई ठक्कर दिदा दुई जना घाइते भएका छन् ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्र.२-०२-००१च.०६४६ न. को पिकअपले सोहि दिशातर्फ जाँदै गरेको साईकल यात्री स्थानिय ३२ वर्षिय राज कुमार साह र पछाडी सवार ४० वर्षिय सन्तोष कुमार चौधरीलाई ठक्कर दिएको हो ।

सो ठक्करबाट घाईते दुबै जनाको सप्तऋषि अस्पताल लहानमा उपचार भईरहेको तथा पिकअप र पिकअप चालक

***बाँकी अन्तिम पृष्ठमा***

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**डाक्नेश्वरी नगरपालिका, सप्तरी**

## सम्पादकीय

### जनता जागरुक हुनु आवश्यक

भ्रष्टाचार अहिले सबै क्षेत्रमा फस्टाउँदै गएको छ । आर्थिक भ्रष्टाचारले व्यक्ति समाज र राष्ट्रलाई क्षणिक बढी र दीर्घकालिन रुपमा केही कम प्रभाव पर्छ भने नीतिगत भ्रष्टाचारले तत्काल खासै प्रभाव नपारे पनि भविष्यमा खतरनाक र दीर्घकालीन असर पार्छ । पारदर्शी कार्यप्रक्रिया नबनाई मनमौजी वा तजबिजी निर्णय दिनु पनि नीतिगत भ्रष्टाचार हो ।

आफूलाई फाइदा पुऱ्याउने नियतले वा आफूले घुस, नलिएको व्यक्तिलाई हानि पुऱ्याउने कालो नियतले प्रेरित भई एउटै नीतको विनियमको कानुनको अलगअलग अर्थ लगाई खासलाई फाइदा पुऱ्याउने र अन्यलाई बेफाइदा पुऱ्याउने गरी अर्थ लगाउनु वा निर्णय गर्नुलाई नीतिगत भ्रष्टाचार भनिन्छ । यसबाट साविकको नियमावली मुताविक उत्तीर्ण नहुने व्यक्तिहरु पछिल्लो नियमावलीले सजिलै उत्तीर्ण भए । यो राज्यकै तर्फबाट भएको नीतिगत भ्रष्टाचारको नमुना हो ।

व्यक्तिले त नेपालमा कामै पिच्छे नीतिगत भ्रष्टाचार गर्छन भन्दा आयुक्ति नहोला । फरक कति छ भने कसैले व्यक्तिगत फाइदाका लागि गर्छ, कसैले दबाबका कारण गर्छ । तसर्थ यस्ता सबै प्रकारका भ्रष्टाचारलाई रोक्न वा निरुत्साहित गर्न तल्लो स्तरबाटै जनता जागरुक हुनु आवश्यक छ ।

# हवाई सुरक्षाप्रति आक्रामक बन्दै प्राधिकरण

काठमाडौं, १२ चैत (रासस) ।

पछिल्ला दिनमा एकपछि अर्को हवाई सुरक्षासँग जोडिएका घटना सार्वजनिक भइरहेका बेला नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण मुलुकको हवाई सुरक्षा सुदृढीकरणका लागि आक्रामक रूपमा प्रस्तुत भएको छ ।

स्वदेशी तथा विदेशी वायुसेवा कम्पनीको उडानमा लापरबाही, हवाई सुरक्षा पालनामा देखिएको हेलचेक्र्याइलाई मध्यनजर गर्दै प्राधिकरणले हवाई सुरक्षामा विशेष चासो देखाएको हो ।

मुलुकमा बढ्दो हवाई सुरक्षामा देखिएका जोखिमीलाई मध्यनजर गरी प्राधिकरणले विभिन्न तवरले सुक्ष्म निगरानी बढाएको प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले बताउनुभयो । "हवाई सुरक्षाका विषयमा प्राधिकरणले सुक्ष्म निगरानी गरिरहेको छ । हवाई सुरक्षामा लापरबाही गर्ने वायुसेवा कम्पनी र संलग्नलाई आवश्यक कारबाही पनि भइरहेको छ," उहाँले भन्नुभयो ।

हवाई क्षेत्रको 'सेफ्टी' र 'सेक्युरिटी'प्रति सचेत हुँदै प्राधिकरणले उडान सुरक्षा उल्लङ्घन गर्नेलाई कानुनी दायरामा ल्याइरहेको प्रवक्ता निरौलाले उल्लेख गर्नुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले हवाई उडानलाई सुरक्षित र भरपर्दो बनाउन पटक-पटक निर्देशन पनि दिँदै आउनुभएको छ ।

शनिबार पत्रकारसँगको अन्तरक्रियामा पनि उहाँले हवाई सुरक्षाप्रति कुनै किसिमको कमिकमजोरी हुन नदिन आफूले सम्बन्धित निकायका अधिकारीलाई बारम्बार ध्यानाकर्षण गराइरहेको बताउनुभएको थियो ।

यसैबीच प्राधिकरणले नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) सँग आकासमै ठोकिनबाट जोगिएको एयर इण्डियाको जहाजको सम्बन्धमा छानबिन गर्ने भएको छ । प्राधिकरणले उक्त घटनामा संलग्न एयरलाइन्समाथि छानबिन गरिने प्राधिकरणका प्रवक्ता निरौलाले बताउनुभयो ।

गत शुक्रबार नेपाल एयरलाइन्सको जहाज मलेसियाको क्वालालम्पुरबाट काठमाडौंस्थित त्रिभुवन विमानस्थल आउँदै थियो । सोही समय दिल्लीबाट काठमाडौंका लागि उडेको एयर इण्डियाको जहाज १९ हजारको फिटको उचाइबाट उडिरहेको थियो । एयर ट्राफिक कन्ट्रोलर (एटीसी) को अनुमतिबिना नै एयर इण्डियाको जहाज एक्कासि १५ हजार फिटमा झर्दा नजिकै रहेको नेपाल एयरलाइन्सको जहाजसँग झन्डै ठोक्किन पुगेको थियो । लगत्तै नेपाल एयरलाइन्सले उडान केही फिट डाउन गरेकाले दुर्घटना हुनबाट बचेको थियो । उहाँका अनुसार उक्त घटनाप्रति प्राधिकरणको ध्यानाकर्षण भएको र घटनामा एयर इण्डियाका तर्फबाट देखिएको लापरबाहीका सम्बन्धमा छानबिन गर्न एक समिति गठन गरिएको छ ।

जतिसक्दो छिटो अध्ययन गरी प्रतिवेदन पेस गर्न उक्त समितिलाई निर्देशन दिइएको छ । यसअघि फागुन १५ गते पनि कतारको दोहाबाट काठमाडौं आउँदै गरेको कतार एयरवेज र मलेसियाको क्वालालम्पुरबाट काठमाडौं आउँदै गरेको नेपाल एयरलाइन्सको जहाज आकाशमै ठोकिनबाट बचेका थिए । उक्त घटनामा आन्तरिक उडानमा रहेको बुद्ध एयरको जहाज पनि जोखिएको थियो ।

यही चैत ९ गते प्राधिकरणले काठमाडौं-लुक्ला उडानका क्रममा टावरमा रहेका एयर ट्राफिक कन्ट्रोलर (एटीसी) सँग अपशब्द बोल्ने अन्नपूर्ण हेलिकप्टरका एक पाइलटलाई निलम्बन गरेको थियो । त्यसैगरी उडान सुरक्षा मापदण्ड उलङ्घन गर्ने थप दुई हेलिकप्टर कम्पनी क्रमशः एयर डाइनेस्टी र फिस्टेल एयरका पाइलटलाई पनि निलम्बन गरिएको थियो ।

यसअघि यही चैत ७ गते प्राधिकरणले वायुसेवा निगमको ट्वीनओटर जहाजका चालकदलसहित सात जनालाई निलम्बन गरेको थियो । ताप्लेजुङबाट काठमाडौंका लागि उडान भरेको निगमको नाइन एन एबीटी बिमानमा लोड सिट क्षमताभन्दा एक सय पाँच केजी बढी सामान बोकेको सूचना पाएपछि प्राधिकरणले जाँच गर्दा कागजमा देखाइएको भन्दा बढी तौल भेटिएकाले उडान अनुशासन पालना नगर्ने जहाजका चालकदलका सदस्यसहित बिमान ग्राउण्डेड गरिएको प्राधिकरणले उल्लेख गरेको छ ।

चालक दलका तीन सदस्य, निगमका मार्केटिङ कर्मचारी र डिस्प्याचरसहित सात जनालाई निलम्बन गर्नाका साथै घटनाबारे आवश्यक छानबिन गरिने प्राधिकरणले जनाएको छ । त्यसैगरी गत फागुन २५ गते काठमाडौंबाट भैरहवा उडेको श्री एयरलाइन्सको जहाजको इन्जिनमा आगोको सङ्केत देखिएपछि आकस्मिक अवतरण गरिएको थियो ।

श्री एयरलाइन्सको उडान नं. ८२१ को जहाजको इन्जिनमा 'फायर वर्निङ' देखिएपछि बिचबाटै डाइभर्ट गरेर काठमाडौंमा आकस्मिक अवतरण गरिएको हो । घटनालगत्तै प्राधिकरणले उक्त एयरलाइन्सका उडानमा रहेका सबै जहाज एक दिन ग्राउण्डेड गरी जाँच गराएपछि भोलिपल्ट जहाज पुनः उडानका लागि अनुमति दिएको थियो ।

यसरी हवाई सुरक्षा पालनामा लापरबाही गर्ने र आचरण विपरीत काम गर्ने बिमान कम्पनी र संलग्न पाइलटलाई कानुनी दायरामा ल्याउन प्राधिकरण आक्रामकरूपमा प्रस्तुत भएको हो । मुलुकको हवाई सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै उडान सुरक्षालाई सुदृढ र प्रभावकारी तुल्याउन लागि परेको प्राधिकरणले जनाएको छ ।

# चैतभित्र विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउँछौं : प्रबन्ध निर्देशक झा

भक्तपुर, १२ चैत (रासस) ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले यहीं चैत महिनाभित्र सबै जिल्लामा विद्यालयस्तरीय पाठ्यपुस्तक पुऱ्याउने भएको छ । जनक शिक्षाले हालसम्म एक करोड ३५ लाख थान पुस्तक छपाइ सकिएको जनाएको छ ।

यस वर्ष कक्षा ६ देखि १० सम्मको एक करोड ५० लाख थान पुस्तक छपाइको जिम्मा लिएको केन्द्रले नयाँ शैक्षिकसत्र सुरु हुनुअगावै विद्यालयमा पाठ्यपुस्तक पुऱ्याउने केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले राससलाई जानकारी दिनुभयो ।

कोरोनाको महामारीको समयमा बिग्रिएको शैक्षिकसत्र यस वर्षदेखि वैशाख १ देखि नै सुरु हुने भएपछि केन्द्रले २४सै घन्टा छापाखाना सञ्चालन गरेर पुस्तक छपाइ गरिरहेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यसवर्ष जनक शिक्षाले कक्षा ६ देखि १० सम्मको मात्रै पाठ्यपुस्तक छाप्ने जिम्मेवारी पाएको छ, एक करोड ५० लाख थान पुस्तक छपाइ गर्नुपर्ने हो, त्यसमध्ये एक करोड ३५ लाख थान अर्थात् ९० प्रतिशत पुस्तक छापिसक्यौं, अब बाँकी १५ लाख थान केही दिनभित्रै छपाइ सकेर जिल्ला जिल्ला पठाउछौं ।"

केन्द्रका प्रबन्ध निर्देशक झाले दैनिक एक लाख २५ हजार थान पुस्तक छपाइ गरिएको जानकारी दिँदै केन्द्रका कारण पाठ्यपुस्तक अभाव नहुने र वितरण प्रणाली प्रभावकारी बनाएर शैक्षिकसत्र सुरु हुनुअगावै जिल्ला जिल्लामा पुस्तक पुग्ने बताउनुभयो ।

गत वर्ष दुई करोड थान पुस्तक छापेकामा यस वर्ष कक्षा ४ र ५ को पुस्तक छपाइको जिम्मेवारी सरकारले निजीलाई दिएपछि केन्द्रले कम पुस्तक छाप्ने भएको हो । गत वर्षको २० लाख थान पुस्तक बाँकी रहेको केन्द्रले जनाएको छ ।

छापिसकेका पुस्तक बाहिरि र दुर्गम जिल्लालाई प्राथमिकतामा राखेर शाखा कार्यालयमा पठाउने काम भइरहेको केन्द्रका बजार व्यवस्थापन शाखाका प्रमुख चित्रराज आचार्यले बताउनुभयो । उहाँले उपत्यकासहित नजिकका केही जिल्लालाई सबै पुस्तक छपाइ सकेर अन्तिममा वितरण गर्ने बताउनुभयो । "गत वर्ष निर्वाचनको मतपत्र छपाइ भयो । कागज समयमा नआउँदा अभावका कारण छपाइमा केही समस्या आएको थियो । यस वर्ष छपाइमा कुनै समस्या छैन", उहाँले भन्नुभयो ।

चैत २० गतेदेखि पुस्तक बिक्री सुरु हुने र दुई दिनभित्रै पुस्तक जिल्ला जिल्लामा पुऱ्याउने केन्द्रको दाबी छ । केन्द्रका अनुसार जनक शिक्षाका केन्द्रीय कार्यालय बजार व्यवस्था विभाग, बागमती प्रदेश कार्यालय भरतपुर, गण्डकी प्रदेश कार्यालय पोखरा, कोशी प्रदेश कार्यालय विराटनगर, मधेस प्रदेश कार्यालय जनकपुरमा पुस्तक पठाउनेक्रम जारी छ । लुम्बिनी प्रदेश कार्यालय सुर्खेत, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी र प्रादेशिक प्रेस नेपालगञ्जमा पुस्तक पठाइ त्यहाँबाट पनि वितरण गर्ने जनाएको छ ।

केन्द्रका प्रबन्ध निर्देशक झाले भन्नुभयो, "यस वर्ष सरकारको योजनाअनुसार नयाँ शैक्षिक सत्रको सुरुआतमा विद्यार्थीको हातहातमा पुस्तक पुग्नेगरी केन्द्रका नौ शाखा कार्यालयमा पुस्तक पुऱ्याइसकेका छौं, देशभरका वितरण केन्द्रमार्फत विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउँछौं ।"

हिमाली र केही दुर्गम पहाडी जिल्लामा पुस्तक पुऱ्याउन छ दिनसम्म लाग्ने र अन्य जिल्लामा दुई दिनमै पुस्तक पुऱ्याउने उहाँको भनाइ छ । झाका अनुसार पुस्तक वितरणका लागि केन्द्रले वितरकसमेत छनोट गरिसकेको छ ।

पाठ्यपुस्तकको मूल्यवृद्धि भने यस वर्ष पनि नहुने भएको छ । नयाँ पाठ्यक्रम लागू भएका केही विषयको मूल्य निर्धारण आइतबार हुने बताइएको छ ।सरकारले निजी प्रकाशकलाई १ देखि ५ कक्षासम्मको एक करोड २० लाख थान पुस्तक छपाइको जिम्मा दिएको छ । नयाँ शैक्षिक सत्र २०८० देखि कक्षा ५, ८ र १० मा नयाँ पाठ्यक्रमसमेत लागू हुने भएपछि नयाँ पाठ्य पुस्तक छपाइ भइरहेको केन्द्रले जनाएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘बक्यौता दाखिला नगर्ने करदाताको नाम सार्वजनिक’

जनकपुरधाम, १२ चैत (रासस)।

आन्तरिक राजस्व कार्यालय जनकपुरधामले बक्यौता रकम दाखिलाका लागि अटेर गर्ने करदाताको नाम सार्वजनिक गर्दै तत्काल सम्पर्कमा आउन आग्रह गरेको छ।

आइतबार सार्वजनिक सूचना जारी गर्दै विभिन्न मितिमा पत्राचार, फोन सम्पर्क तथा सङ्कलन भ्रमणका माध्यमबाट आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क दाखिला गर्न आग्रह गर्दा पनि सम्पर्कमा नआएपछि करदाताको नामसहित सार्वजनिक सूचना जारी गरिएको प्रमुख कर अधिकृत किशोर वर्तौंलाले जानकारी दिनुभयो।

“पहिलो चरणमा मोबाइलमा कर विवरण दाखिलाका लागि सन्देश पठाउने, दोस्रो चरणमा हरेक करदातालाई पत्राचार, फोन सम्पर्क र सङ्कलन भ्रमण पनि गरेका थियौं, तर पनि बक्यौता रकम दाखिला नगरिएकाले त्यस्ता करदाताका नाममा सार्वजनिक सूचना जारी गरेर अनुरोध गरेका हौं, अब प्रचलित कानुनको व्यवस्थाअनुसार अगाडि बढ्छौं”, प्रमुख कर अधिकृत बर्तौंलाले भन्नुभयो।

उहाँका अनुसार मूल्य अभिवृद्धि करतर्फको बक्यौता दाखिला नगर्ने दुई सय ६८ र आयकर तथा अन्तःशुल्क तथा टिडिएसतर्फ ३६ करदाताका नाममा सूचना जारी गरिएको र १५ दिनभित्र बक्यौता दाखिला गरी सोको प्रमाण आन्तरिक राजस्व कार्यालयमा पेस गर्न भनिएको छ।

“अहिले बक्यौता रकम दाखिलाका लागि तीन सय चार करदातालाई सार्वजनिकरुपमा आग्रह गरेका छौं”, बर्तौंलाले भन्नुभयो, “यसरी पनि सम्पर्कमा नआए अन्तिम विकल्पका रुपमा आयकर ऐन, २०५८ को दफा १०४ देखि १११ सम्मको कुनै वा सबै प्रक्रिया, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ बमोजिमको प्रक्रिया एवं अन्तःशुल्क ऐन, २०५८ को दफा १० ‘ज’ बमोजिमको प्रक्रिया अपनाइ असुलउपर गरिने छ।”

आयकर ऐन, २०५८ को दफा

***बाँकी अन्तिम पृष्ठमा***



## रुपनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

031-450035

रुपनी, सप्तरी

मधेश प्रदेश, नेपाल

### सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मितिः2079/12/13

प्रस्तुत विषयमा रुपनी गाउँपालिकाको लागि तपसिल बमोजिमका पदहरुमा कर्मचारीहरु सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले 15 दिन भित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | सेवा करारमा लिने पद | तह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| 1 | 02/2079/80 | कृषि स्नातक प्राविधिक | छैठौं | 1(एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञान विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण भएको। | रु.1000/- |
| 2 | 03/2079/80 | पशु स्नातक प्राविधिक (भेटेरीनरी डाक्टर) | छैठौं | 1(एक) | पशुपंक्षी विज्ञानतर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा BVsc & A.H./B.V.sc सो सरहको स्नातक तह उत्तीर्ण नेपाल पशु चिकित्सा परिषदमा दर्तावाला पशु चिकित्सक हुनुपर्नछ। | रु.1000/- |
| 3 | 04/2079/80 | सूचना प्रविधि अधिकृत | छैठौं | 1(एक) | लोक सेवा आयोगले लिने "कम्प्युटर अधिकृत" पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक(BIM,BIT,BBIS,BCIS,BCA,BEIT,Bsc IT,Bsc CSIT, BE, Electroncs and Communications Engineering वा BTech Electronics and Engineering उपाधि प्राप्त गरेको हुनुपर्नेछ। | रु.1000/- |
| 4 | 05/2079/80 | रोजगार सहायक | पाँचौं | 1(एक) | (क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको, (ख) आधारभुत कम्प्युटर सिप सम्बन्धी कम्तिमा 3 महिनाको तालिम लिएको। | रु.500/- |
| 5 | 06/2079/80 | एम.आई.एस. अपरेटर | पाँचौं | 1(एक) | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट 10+2 मा कम्प्यूटर विषय लिइ उत्तीर्ण गरेको वा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा 6 महिना कम्प्युटर सम्बन्धि तालिम प्राप्त गरेको। | रु.500/- |

आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः

- उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,
- नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- कार्य अनुभव भएमा सो को प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो 2 प्रति

(पेश गरेका सम्पूर्ण कागजातको पछाडीपट्टी उम्मेदवार स्वंमले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्नेछ।)

**1.उमेरको हदः**

- 21 वर्ष पुरा भई 35 वर्ष ननाघेको ,(विज्ञापन नं. 02/2079/80,03/2079/80 र 04/2079/80 को लागि) र महिला तथा अपाङ्गको हकमा 40 वर्ष ननाघेको
- 18 वर्ष पुरा भई 45 वर्ष ननाघेको (विज्ञापन नं. 05/2079/80)
- 18 वर्ष पुरा भई 40 वर्ष ननाघेको (विज्ञापन नं. 06/2079/80 को लागि)।

**2. दरखास्त दिने स्थानः** रुपनी गाउँपालिकाको कार्यालय, रुपनी, सप्तरी।

**3.दरखास्त दिने म्यादः** 2079/12/27 गते सम्म कार्यालय समय भित्र।

**4.आवेदन दस्तुर बुझाउने बैंक खाताः** ग्लोबल आई.एम.ई.बैंक, रुपनी शाखामा रहेको खाता नं. ग 1.1 आन्तरिक राजश्व खाता R604010000012

**5.परिक्षा मितिः** दरखास्त संकलन पछि सूचना गरिनेछ।

**6.थप जानकारीका लागिः** 9852822123 र 9862155282 मा सम्पर्क गर्न सकिनेछ।

**7.छनौट पद्धतीः** लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता

**8.अन्य जानकारीको लागिः** rupanimun.gov.np मा हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत



# विश्व समाचार

## ६ महिनामा तीन हजार बढी लडाकु मारिए

मोगादिसु, १२ चैत (रासस/सिन्ह्वा)।

बितेका छ महिनामा सोमाली राष्ट्रिय सेनाले अल-शबाबविरुद्ध देशका विभिन्न भागमा गरेको कारबाहीमा तीन हजारभन्दा बढी लडाकु मारिएका छन्‌भने तीन हजार सात सय जना घाइते भएका छन्‌। सूचना, संस्कृति तथा पर्यटन मन्त्रालयले अल-शबाबको अधीनमा रहेका करिब ७० गाउँ र शहरलाई स्थानीय जनताको सहयोगमा देशको राष्ट्रिय सेनाले मुक्त गरेको बताएको छ।उक्त मन्त्रालयले शनिबार साँझ जारी गरेको विज्ञप्तिमा राष्ट्रिय सेनाले अन्तरराष्ट्रिय मानवीय कानुन, मानवअधिकार कानुन, इस्लामिक कानुन र सोमाली परम्परागत युद्ध नियमको पूर्ण पालना गर्दै चरमपन्थीमाथि कारबाही गरेको जनाइएको छ।

रमजानको पवित्र महिनामा सोमाली जनता चरमपन्थीबाट सुरक्षित रहुन्‌ भन्ने उद्देश्यका साथ कारबाहीलाई अझ व्यापक बनाइएको बताइएको छ। आतङ्कवादीविरुद्ध अब दोस्रो चरणको आक्रमणको तयारी सेनाले गरिरहेको मन्त्रालयले बताएको छ। गत वर्ष राष्ट्रपति हसन शेख मोहम्मदले विद्रोहीविरुद्ध सर्वत्र युद्धको घोषणा गरेपछि सरकारी सेनाले अल-शबाब विरुद्धको आक्रमणलाई तीव्र बनाएको थियो। चरमपन्थी समूह अल-शबाबले सोमालियाका दक्षिण र मध्य भागमा अवस्थित ग्रामीण भेगमा आफ्नो नियन्त्रण कायम राखेको छ।

गत साता राष्ट्रिय सेनाका कमाण्डर मोहम्मद तहलिल बिहीले आतङ्कवादी समूह अल-शबाबले सैनिक आधार क्षेत्रमा आक्रमणको प्रयास गरेपछि भएको दोहोरो भिडन्तमा ३० जना मारिएका बताएका थिए। सरकार समर्थक समूहले सैनिकलाई सघाएको थियो। अल-शबाबले भिडन्तको क्रममा २० जना सैनिक मारिएका, अन्य १० जनालाई घाइते बनाएको र दुईवटा गाडी जलाएको दाबी गरेको थियो।

## इरानद्वारा अमेरिकी आक्रमणको निन्दा

तेहरान, १२ चैत (रासस/एएफपी)।

सिरियामा इरान समर्थित समूहमाथि अमेरिकाले गरेको हवाई हमलाको तेहरानले कठोर शब्दमा निन्दा गरेको छ। गत बिहीबार इरानको इस्लामिक रिभोलुस्नरी गार्डस्‌ कर्प्ससँग सम्बद्ध समूहले प्रयोग गर्दै आएको स्थानमा अमेरिकाले हवाई हमला गरेको थियो। इस्लामिक स्टेटका चरमपन्थीविरुद्धको कारबाहीका निम्ति गठबन्धन सेनासँग सहकार्य गरिरहेको अमेरिकी सेनाका सदस्यलाई आवश्यक राशनपानीलगायत अन्य सरसामान आपूर्ति गर्ने ठेकेदार सोही दिन उत्तरपूर्वी सिरियास्थित अमेरिकी सेनाको आधार शिविरमा इरानमा निर्मित ड्रोन आक्रमणमा सोही दिन मारिएपछि अमेरिकाले तत्काल हवाई हमला गरेको थियो। उक्त आक्रमणमा १९ जनाले ज्यान गुमाएका युद्ध अनुगमन गर्ने संस्था सिरियन अब्जरभेटरीले बताएको छ।

पूर्वीसिरियाको देइर एजोर र अल-बुकमालमा अमेरिकाले गरेको हवाई हमलालाई इरानले गैरसैनिक क्षेत्रमा गरिएको ‘आतङ्कवादी आक्रमण’ भनेको छ। इरानी ड्रोन हमलामा आफ्ना नागरिक मारिएका सैनिक कर्मचारी घाइते भएपछि राष्ट्रपति जो बाइडेनको निर्देशनमा अमेरिकाले हवाई आक्रमण गरेको थियो। अमेरिकी शिविरमा भएको ड्रोन आक्रमणमा पाँच जना अमेरिकी सेनाका सदस्यका साथै अर्को एक जना ठेकेदार पनि घाइते भएका थिए। क्यानडा भ्रमणका क्रममा हिजो शनिबार राष्ट्रपति बाइडेनले इरानसँग द्वन्द्व गर्न अमेरिकाले नचाहेको तर आफ्ना नागरिक र कर्मचारीको रक्षाका बलप्रयोग गरेर भए पनि जवाफ दिने बताउनुभएको थियो।

## अमेरिकामा आँधी : छब्बीस जनाको मृत्यु, जनजीवन अस्तव्यस्त

रोलिङफोर्क (मिसिसिपी), १२ चैत (रासस/एपी)।

देशको दक्षिणी राज्य मिसिसिपी र अल्बामा आएको भीषण आँधीमा परी २६ जनाले ज्यान गुमाएका छन्‌भने सयौं घाइते भएका छन्‌। खोज तथा उद्धार प्रयास जारी छ भने राज्य सरकारले आपत्काल घोषणा गरेको छ। आँधीबाट रोलिङफार्क अति प्रभावित भएको छ। कुच्चिएका मोटरकार, इँटा र शिशाले सडक हेरिनसक्नु छ भने पुरै शहर प्रायः भग्नावशेषमा परिणत भएको छ। यहाँका एक जना बासिन्दाले आँधीका बेला ‘बाथ टब’मा बस्दा आफ्नो ज्यान जोगिएको बताएका छन्‌। पश्चिमी शार्की काउन्टीको अवस्था पनि त्यस्तै छ। सबैतिर तहस-नहस। वरिपरिको खेतबारीका रमणीय वातावरण पनि आँधीको चपेटामा परेको छ। बोटविरुवा सोत्तर भएका छन्‌। घरहरू भत्केका छन्‌, तिनका भग्नावशेष यत्रतत्र फैलिएका छन्‌। रुख जरैदेखि उखेलिएका छन्‌। मोटरकार उत्तानो परेका छन्‌। घरका पर्खाल र छाना देखिदैनन्‌। भग्नावशेषको उरुङबाहेक केही देखिँदैन।

दुई सय ६५ देखि तीन सय २० किलोमिटरको बेगमा पाँचदेखि १० मिनेटसम्म आएको आँधीले केही राखेको छैन, सबैतिर विनाशै विनाश, क्षति नै क्षति। अकल्पनीय क्षति। आँधीका कारण विद्युत्‌ आपूर्ति नहुँदा शनिबार सबैतिर अन्धकार भयो। निरपेक्ष गरिबीको रेखामुनि रहेका यहाँका करिब दुई हजार जनतालाई तत्काल सहायता परिचालन गर्न राष्ट्रपति जो बाइडेनले सङ्घीय सरकारलाई आदेश दिनुभएको छ। अस्थायी आवास, घरमर्मत, बीमा नगरिएको सम्पत्तिको नोक्सानी क्षतिपूर्तिस्वरुप ऋण अनुदानलगायत सुविधा उपलब्ध गराउन उहाँले आदेश दिनुभएको हो।

# जनमत पार्टीले तोक्यो ६ जिल्लामा इन्चार्ज

काठमाडौं, १२ चैत (रासस)।

जनमत पार्टीले मधेसका छ जिल्लामा आफ्नो पार्टीको इन्चार्ज तोकेको छ। जिल्लामा पार्टीको काम कारवाही अगाडि बढाउन र सङ्गठन विस्तार गर्ने गरी जिल्ला समिति गठन गर्न इन्चार्जको जिम्मेवारी तोकिएको सो पार्टीले जनाएको छ।

पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा र सिरहाको इन्चार्ज तोकिएको अध्यक्ष सीके (चन्द्रकान्त) राउतले जानकारी दिनुभयो। उहाँका अनुसार पर्सामा माधवप्रसाद सिंह इन्चार्ज, ओमप्रकाश सर्राफ संयोजक र मुकेश द्विवेदी सहसंयोजक तोकिनुभएको छ।

यसैगरी रौतहटमा बृजकिशोर यादव, सर्लाहीमा श्रीचनराय यादव, महोत्तरीमा सौरभ साह, धनुषामा सुरेन्द्र मण्डल र सिरहामा विनोद यादव इन्चार्ज तोकिनुभएको सो पार्टीले जनाएको छ।

# प्रशासकीय अधिकृतलाई सात दिनभित्र हाजिर गराउन निर्देशन

काठमाडौं, १२ चैत (रासस)।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले खटाएका प्रमुख प्रशासकीय अधिकृतलाई सात दिनभित्र हाजिर गराउन निर्देशन दिएको छ।

मन्त्रालयले खटाएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराई फर्काउन थालेपछि सात दिनभित्र हाजिर गराउन मन्त्री अमनलाल मोदीले शुक्रबार मन्त्रिस्तरीय निर्णय गर्नुभएको थियो। मन्त्री मोदीको निर्णयअनुसार हाजिर नगराएका स्थानीय तहलाई मन्त्रालयले परिपत्र गरिसकेको मन्त्री मोदीका प्रेस संयोजक बुद्ध लोप्चनले राससलाई जानकारी दिनुभयो।

मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई गरेको परिपत्रमा भनिएको छ, "स्थानीय सरकार ऐन, २०७४ को ८४(४) बमोजिम यस मन्त्रालयबाट कामकाजमा खटाइएका प्रमुख प्रशासकीय अधिकृतलाई सम्बन्धित नगरपालिका/गाउँपालिकाले प्रचलित कानूनबमोजिम हाजिर गराई कामकाजमा लगाउनुपर्ने देखिएको हुँदा खटाइएका प्रमुख प्रशासकीय अधिकृतलाई पत्रको मितिले ७ (सात) दिनभित्र हाजिर गराई सोको जानकारी यस मन्त्रालयमा दिनु हुनका साथै तहाँ कार्यालयबाट अन्यत्र खटाइएका कर्मचारीलाई सोही अवधिभित्र खटाइएको निकायमा रमाना दिई पठाउनु हुन नेपाल सरकार (माननीय मन्त्रिस्तर) को मिति २०७९/१२/०९ को निर्णयानुसार अनुरोध छ।"

मन्त्रालयले खटाएका नयाँ प्रमुख प्रशासकीय अधिकृतबाट मात्र सम्बन्धित नगरपालिका/गाउँपालिकाको खाता सञ्चालनको व्यवस्था मिलाउनका लागि कोष तथा लेखा नियन्त्रण कार्यालयलाई समेत परिपत्र गरेको छ।

## 'बक्यौता दाखिला ...

१०४ मा कुनै व्यक्तिले कर दाखिला गर्ने मितिसम्म सो कर दाखिला नगरेमा नेपाल सरकारले व्यक्तिको सम्पत्ति माथि दाबी गर्ने, दफा १०५ मा दाबी गरेको सम्पत्ति लिलाम बिक्री गर्नेदेखि दफा १११ मा कर असुलीका लागि जिल्ला अदालतमा मुद्दा दायर गर्नेसम्मको व्यवस्था छ।

त्यसैगरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ मा म्यादभित्र कर नबुझाएमा महानिर्देशकको पूर्वस्वीकृति लिइ कर अधिकृतले व्यवस्थाबमोजिमका कुनै वा सबै तरिका अपनाइ कर असुल गर्ने भनिएको छ। अन्तःशुल्क ऐन, २०५८ को दफा १० 'ज' मा म्यादभित्र बुझाउनुपर्ने अन्तःशुल्क नबुझाएमा अन्तःशुल्क अधिकृतले विभिन्न सात उपाय अपनाएर असुल गर्नसक्ने कानुनी प्रबन्ध छ।

कार्यालयले आयकरतर्फ रु २८ करोड र मूल्य अभिवृद्धि करतर्फ रु ३२ करोड ७४ लाख २८ हजार आठ सय १७ गरी कूल रु ६० करोड ३८ लाख २८ हजार आठ सय १७ बक्यौता उठाउन बाँकी छ। ब्याज, थप दस्तुर, विलम्ब शुल्कसमेत गरेर सो बराबर बक्यौता उठाउन बाँकी रहेको हो।

करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र विवरण पेस गर्नुपर्ने कानुनी प्रावधान छ। यसो नगर्दा तोकिएको राजस्व लक्ष्य पूरा गर्न पनि समस्या हुने र बक्यौता बढ्दै गई करदातामाथि नै दायित्व थपिने गरेको छ। यस कार्यालयको कार्यक्षेत्रमा सिन्धुली, सर्लाही र महोत्तरीसमेत छन्।

## सवारी दुर्घटनामा ...

महोत्तरीको बर्दिवास ११ निवासी २१ वर्षिय सन्तोष बि.क. लाई नियन्त्रणमा लिई घटना वारे थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ।

यसैगरि राजबिराज २ हनुमाननगर राजबिराज सडक खण्डमा मोटरसाइकलले साइकललाई ठक्कर दिँदा एक बालिकासहित दुई जना घाइते भएका छन्।

पुर्वबाट पश्चिमतर्फ जादै गरेको स.५प. ९५५४ नं.को मोटरसाइकलले पश्चिमबाट पुर्वतर्फ जादै गरेको साईकल यात्री स्थानिय १४ वर्षिया खुशीकुमार यादव र वडा नं. १२ निवासी ४५ वर्षिया बद्री यादवलाई ठक्कर दिएको हो।

दुबै घाइतेहरुको गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचार भइरहेको तथा मोटरसाइकल र चालक वडा नं. १६ बोरिया निवासी २३ वर्षिय विवश ठाकुरलाई प्रहरीले नियन्त्रणमा लिई घटना वारे थप अनुसन्धान गरिरहेको जनाएको छ।


## सप्तरीमा दिनानुदिन ...

१८ पुगेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

सो नगरपालिका वडा नं. ८ काचन बस्ने ४५ वर्षिया कुसुमदेवी साहले चामलमा राख्ने किरा मार्ने औषधी सेवन गरी आत्महत्या गरेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार किरा मार्ने औषधी सेवन पश्चात् उनलाई गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचारका लागि भर्ना गरिएकोमा उपचारकै क्रममा मृत्यु भएको हो।

यता घटना बारे थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। यसअघि मात्रै शनिवारे जिल्लाको विष्णुपुर गाउँपालिका ३ मुसहरु टोलमा ३२ वर्षिया ममता मरिकले भुण्डिएर आत्महत्या गरेकी छिन भने जिल्लाको खडक नगरपालिका ८ विसनपुर टोल बस्ने ७५ वर्षिय बृद्ध हजिरा मोती रहमान मियाँले तरकारी खेतीमा किरा मार्न प्रयोग गरिने सुपरकिलर नामक विषादी सेवन गरी आत्महत्याको प्रयास गरेको प्रहरीले जनाएको छ।



नेपाल सरकार
कृषि भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
भुमि सुधार तथा मालपोत कार्यालय, राजविराज
सप्तरी

चलानी नं. :
पत्र संख्या : ०६९।०८०
मिति: २०६९।१२।१२
प्राप्त पत्र संख्या र मिति:

विषय : ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

अमारवती यादवनी दर्ता रहेको साविक ............ मौजा रैन ............ हाल तपसिल बमोजिम नापी भएको जग्गा नामथर संशोधन, ना.प्र.नं. कायम र फोटो टाँस गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा. हिरलाल्ता वार्ड नं. ३ बस्ने श्री झमला देवी यादव को द.नं.१६८२३ मिति २०६८।११।१२ मा निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०६८।१२।१२ मा आदेश भए अनुरुप यो ३५ दिने सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नु होला। म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम संशोधन गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| सरवडा | ४ख | २९६ | ०-३-५ | अमारवती यादवनी<br>हुनुपर्ने - झमला देवी याद[illegible]<br>ना.प्र.नं. १६-०१-६८-०३६६[illegible] (सप्तरी)<br>जारी मिति - २०६८-०५-०९<br>श्रीमान बाबु-शिवलाल, पति-कुसुमलाल यादव | |

०६९।१२।१२


# डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
## कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

# डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
## छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, दुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

# सचेत रही ग्याँसको प्रयोग गरौं, दुर्घटनाबाट बचौं।
- ग्याँसको चुल्हो बालेर भान्सा छाडी टाढा नजाऔं।
- प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं।
- ग्याँस सिलिन्डर, रेगुलेटर र पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए तुरुन्त फेरौं।
- ग्याँस सिलिण्डर लिंदा सिल भए/नभएको तथा सिलिण्डरको समायवधि अनिवार्यरुपमा हेर्ने गरौं।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं।
- ग्याँस गन्हाएको बेला बिजुलीको स्वीच, सलाई, लाईटरको प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*